राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २७८ २०८३ वैशाख २९ गते मंगलवार (12 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## अध्यादेश दुरुपयोगको आरोप

दैनिक समाचारदाता
काठमाडौं, २८ वैशाख । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले सरकारले अध्यादेश जारी गर्ने संवैधानिक अधिकारको दुरुपयोग गरेको आरोप लगाएको छ ।

सोमबार प्रतिनिधिसभाको बैठकको आकस्मिक समयमा बोल्दै राप्रपाकी प्रमुख सचेतक खुश्बु ओलीले संविधानको मर्मविपरीत सरकारले धमाधम अध्यादेश ल्याइरहेको टिप्पणी गरिन् ।

उनले संविधानको धारा ११४ मा अध्यादेश जारी गर्न सकिने अवस्थाबारे स्पष्ट व्यवस्था भए पनि सरकारले त्यसको भावना र उद्देश्यलाई बेवास्ता गरेको आरोप लगाइन् ।

ओलीले भनिन्, "सरकारले प्रतिनिधिसभालाई बेवास्ता गरेको



हो कि भन्ने देखिन्छ । अझ प्रतिनिधिसभालाई छायामा पार्ने प्रयास भइरहेको भान हुन्छ । प्रतिनिधिसभा सरकारको कठपुतली होइन ।"

उनले विगतमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पनि संसद्मा प्रतिनिधिसभा सरकारको कठपुतली बन्न नहुने विषय उठाउने गरेको स्मरण गराउँदै अहिले त्यही दलका नेताहरू मन्त्रिपरिषद्मा रहेको उल्लेख गरिन् ।

## विद्यार्थी संगठन खारेज नगर्न सर्वोच्चको अल्पकालीन आदेश



दैनिक समाचारदाता
काठमाडौं, २८ वैशाख । सर्वोच्च अदालतले विश्वविद्यालयमा विद्यार्थी संगठन खारेज नगर्न अल्पकालीन आदेश दिएको छ ।

वर्तमान सरकारले विद्यार्थी संगठनहरु खारेज गर्ने निर्णय गरेको थियो । त्यसविरुद्ध आठ विद्यार्थी संगठनहरुले संयुक्तरुपमा सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

# मधेशमा एचआईभी संक्रमितको संख्या चिन्ताजनक

## पाँच हजार संक्रमित मध्ये पर्सा र धनुषामा बढी

दैनिक समाचारदाता
जनकपुरधाम, २८ वैशाख । एचआईभी संक्रमित बिरामीको संख्याका आधारमा मधेश प्रदेश देशमै दोस्रो स्थानमा रहेको तथ्यांक सार्वजनिक भएको छ । देशभर करिब ३५ हजारभन्दा बढी एचआईभी संक्रमित रहेकोमा मधेश प्रदेशमा मात्रै करिब पाँच हजार संक्रमित रहेको बताइएको छ ।

सरकारी तथ्यांकअनुसार एचआईभी संक्रमितको संख्यामा लुम्बिनी प्रदेश पहिलो र मधेश प्रदेश दोस्रो स्थानमा रहेको छ ।

सोमबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा जिल्ला जनस्वास्थ्य कार्यालयका राजवीर यादवले प्रस्तुत गरेको तथ्यांकअनुसार मधेश प्रदेशमा एचआईभी संक्रमितको अवस्था भयावह बन्दै गएको छ । प्रदेशमा हाल ४ हजार ६ सय ८० जना एचआईभी संक्रमित रहेका छन् । तीमध्ये अधिकांश महिला तथा बालबालिका रहेको उल्लेख गरिएको छ ।

आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा करिब एक लाख जनाको एचआईभी परीक्षण गर्दा ६ प्रतिशतमा संक्रमण पुष्टि भएको र संक्रमितको संख्या निरन्तर बढ्दो क्रममा रहेको तथ्यांकमा उल्लेख छ । मधेश प्रदेशका आठ जिल्लामध्ये पर्सा





र धनुषा सबैभन्दा बढी जोखिममा रहेको बताइएको छ ।

यादवका अनुसार पर्सामा १ हजार ५ सय ४ जना र धनुषामा ८ सय ८६ जना एचआईभी संक्रमित रहेका छन् । संक्रमितमध्ये १५ देखि ४९ वर्ष उमेर समूहका व्यक्ति सबैभन्दा बढी रहेको जानकारी दिइएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका सचिव डा. प्रमोद यादवले जनचेतनाको अभाव, अशिक्षा, वैदेशिक रोजगार तथा समयमै उपचार नगराउँदा संक्रमितको संख्या घट्न नसकेको बताउनुभयो । जनकपुरधाममा मात्रै ८ सय एचआईभी संक्रमित हुनु चिन्ताजनक अवस्था भएको उल्लेख गर्दै उहाँले यसको न्यूनीकरणका लागि सबै पक्ष गम्भीर हुनुपर्नेमा जोड दिनुभयो ।

त्यस्तै, प्रादेशिक अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट (मेसु) डा. जामुन सिंहले एचआईभीको उपचार सम्भव भएकाले डराउन नहुने, तर नियमित औषधि सेवन गर्नुपर्ने बताउनुभयो । विगतमा एचआईभी संक्रमितलाई समाजले बहिष्कार गर्ने प्रवृत्ति रहे पनि अहिले उपचार सहज भएकाले समयमै परीक्षण र उपचार गराउन उहाँले आग्रह गर्नुभयो ।

जनस्वास्थ्य कार्यालयका प्रमुख उमेश यादवको अध्यक्षतामा आयोजित अन्तरक्रिया कार्यक्रममा प्रस्तुत तथ्यांकअनुसार विश्वमा सन् १९८८ मा पहिलो पटक एचआईभी संक्रमण अमेरिकी नागरिकमा फेला परेको थियो । सन् २०२३ सम्म विश्वभर एचआईभी संक्रमितको संख्या ९ करोड १४ लाख पुगेको बताइएको छ । नेपालमा भने सन् १९८८ मै पहिलो पटक एचआईभी संक्रमण पुष्टि भएको जानकारी दिइयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साह, अजित प्रसाद पौडेललगायतले आफ्नो धारणा राखेका थिए ।

## फोहरले कुरुप बन्दै जनकपुरधामका पवित्र गंगासागर

दैनिक साचारदाता
जनकपुरधाम, २८ वैशाख । धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको जनकपुरधामस्थित गंगासागर क्षेत्र यतिबेला फोहरको थुप्रोले कुरुप बन्दै गएको छ । गंगासागर पोखरीको उत्तरी डिलमा जथाभावी फालिएको फोहरले यस क्षेत्रको धार्मिक गरिमा र सौन्दर्यमाथि नै प्रश्न उठाएको छ ।

शिवचोकदेखि कदमचोक जोड्ने सडकअन्तर्गत गंगासागरको उत्तरी डिल हुँदै दैनिक सयौं सर्वसाधारण आवतजावत गर्ने गर्दछन् । सोही डिलमा रहेको पिपलको रुख धार्मिक दृष्टिले अत्यन्त पवित्र मानिन्छ । धर्मग्रन्थहरूमा विशेष महत्व दिइएको उक्त रुखमुनि नै स्थानीयवासीले विभिन्न प्रकारका फोहर थुपार्ने गरेका दृश्यले धार्मिक चेतना र नागरिक जिम्मेवारीमाथि गम्भीर प्रश्न खडा गरेको छ ।


एकातर्फ जनकपुरधामलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउन विभिन्न तहबाट आवाज उठिरहेका छन् भने अर्कोतर्फ धार्मिक तथा ऐतिहासिक सम्पदालाई संरक्षण गर्नुको सट्टा फोहरमै परिणत हुन दिइनु विडम्बनापूर्ण देखिएको छ । सम्पदाको संरक्षण र प्रवर्द्धनको बहस चलिरहँदा यस्ता दृश्यप्रति सम्बन्धित निकायको मौनता झन् चिन्ताजनक बनेको छ ।

मधेश प्रदेशको राजधानीसमेत रहेको जनकपुरधामको प्रमुख प्रशासनिक तथा सुरक्षा निकाय– जनकपुरधाम उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय र जिल्ला




प्रहरी कार्यालय–बाट केही मिटरको दूरीमै रहेको गंगासागर क्षेत्रमा यसरी फोहर थुप्रिनु सम्बन्धित निकायको उदासीनताको प्रत्यक्ष उदाहरण बनेको छ । धार्मिक आस्थाको केन्द्रका रूपमा परिचित गंगासागरलाई स्वच्छ, व्यवस्थित र संरक्षणयुक्त बनाउनु स्थानीय सरकार, सरोकारवाला निकाय तथा नागरिक सबैको साझा दायित्व हो । अन्यथा, जनकपुरधामको पहिचान र गरिमामाथि यस्ता दृश्यले निरन्तर धक्का पुर्‍याइरहने निश्चित छ ।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सत्केरी






सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# सीमामा चिसिएको सम्बन्ध, संवादको ढोका बन्द नहोस्

नेपाल-भारत सम्बन्ध केवल दुई सरकारबीचको औपचारिक कूटनीति मात्र होइन, इतिहास, संस्कृति, धर्म, अर्थतन्त्र र जनस्तरको गहिरो सम्बन्धको आधारमा बनेको जटिल र संवेदनशील सम्बन्ध पनि हो । यही कारण दुई देशबीच हुने हरेक उच्चस्तरीय भ्रमणलाई सामान्य प्रशासनिक कार्यक्रमका रूपमा मात्र हेर्न मिल्दैन । भारतीय विदेश सचिव विक्रम मिस्री को नेपाल भ्रमण अन्तिम समयमा स्थगित हुनु पनि यस्तै संवेदनशील घटनाका रूपमा देखिएको छ ।

यद्यपि नेपाल र भारत दुवै पक्षले भ्रमणबारे औपचारिक घोषणा गरेका थिएनन्, तर कूटनीतिक तहमा तयारी भइरहेको विषय सार्वजनिक भइसकेको थियो । भारतका विदेशमन्त्री एस जयशंकर र नेपालका तत्कालीन परराष्ट्रमन्त्री शिशिर खनाल बीच मरिससमा भएको भेटपछि यो भ्रमणको चर्चा सुरु भएको थियो । भारतीय सञ्चारमाध्यम र नेपालका कूटनीतिक वृत्तले समेत भ्रमण निश्चित जस्तै भएको संकेत गरेका थिए । यस्तो अवस्थामा अन्तिम समयमा भ्रमण स्थगित हुनु सामान्य प्राविधिक विषय मात्र होइन भन्ने आशंका स्वाभाविक रूपमा उत्पन्न भएको छ ।

भ्रमण स्थगित हुनुको मुख्य कारणका रूपमा पुनः सतहमा आएको लिपुलेक सीमा विवादलाई हेरिएको छ । नेपालले आफ्नो भूभागका रूपमा दाबी गर्दै आएको लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र लामो समयदेखि दुई देशबीच विवादको विषय रहँदै आएको छ । जब-जब भारतले ती क्षेत्रलाई समेटेर गतिविधि अघि बढाउँछ, नेपालमा राजनीतिक र जनस्तरमा विरोध चर्किने गरेको छ । अहिले पनि त्यही परिस्थिति दोहोरिएको देखिन्छ । यस्तो संवेदनशील अवस्थामा भारतीय विदेश सचिवको भ्रमणले राजनीतिक सन्देश गलत जान सक्ने निष्कर्ष नयाँ दिल्लीले निकालेको हुनसक्छ ।

तर यहाँ मूल प्रश्न भ्रमण स्थगित हुनु मात्र होइन, दुई देशबीच संवादको वातावरण किन यति कमजोर बन्दै गइरहेको छ भन्ने हो । सीमा विवाद कुनै नयाँ विषय होइन । इतिहासदेखि नै रहँदै आएको यस्ता विषय समाधानका लागि संवाद, वार्ता र कूटनीतिक संयमता आवश्यक हुन्छ । यदि विवादकै कारण भेटघाट रोक्ने हो भने सम्बन्ध अझ जटिल बन्न सक्छ । पूर्वराजदूत नीलाम्बर आचार्य ले भनेझैँ, नेपाल-भारत सम्बन्धलाई निरन्तर सम्भार र संवादको आवश्यकता छ । संवाद बन्द गरेर होइन, संवादलाई अझ सक्रिय बनाएर मात्र समस्या समाधान सम्भव हुन्छ ।

नेपालको आन्तरिक राजनीति र भारतसँगको सम्बन्धबीच पनि सधैँ जटिल सम्बन्ध रहँदै आएको छ । अहिले प्रधानमन्त्री बालेन्द्र शाह लाई भारत भ्रमणको निमन्त्रणा दिने तयारी भइरहेको चर्चा थियो । यद्यपि बालेन्द्र शाह संघीय सरकारका प्रधानमन्त्री होइनन्, तर उनको लोकप्रियता र भारतसँग सम्भावित भेटघाटलाई लिएर विभिन्न राजनीतिक अर्थ लगाइँदै आएको थियो । यही सन्दर्भमा भ्रमण स्थगित हुनुले थप राजनीतिक अड्कलबाजीलाई जन्म दिएको छ । कूटनीतिक भ्रमणहरूलाई घरेलु राजनीतिक विवाद र भावनात्मक राष्ट्रवादको चश्माबाट मात्र हेर्ने प्रवृत्तिले दीर्घकालीन रूपमा दुवै देशलाई फाइदा गर्दैन ।

नेपालको परराष्ट्र मन्त्रालयले भ्रमण स्थगित हुनु र सीमा विवादबीच कुनै सम्बन्ध नरहेको बताएको छ । प्रवक्ता लोकबहादुर क्षत्री ले एउटा मुद्दाले दुई देशबीचको समग्र सम्बन्ध प्रभावित नहुने प्रतिक्रिया दिएका छन् । औपचारिक रूपमा यस्तो प्रतिक्रिया स्वाभाविक भए पनि वास्तविकता के हो भन्ने कुरा दुवै देशका कूटनीतिक गतिविधिले आगामी दिनमा स्पष्ट पार्नेछन् ।

नेपाल र भारतबीचको सम्बन्ध अहिले विश्वासको सूक्ष्म परीक्षणको चरणमा छ । एकातिर सीमा विवाद, अर्कोतिर राजनीतिक संवेदनशीलता, अनि त्यससँग जोडिएको जनभावना—यी सबैले सम्बन्धलाई समय-समयमा असहज बनाउने गरेका छन् । तर यस्ता कठिन घडीमै परिपक्व कूटनीति आवश्यक पर्छ । भ्रमण स्थगित हुनु दुःखद हुन सक्छ, तर त्यसलाई सम्बन्ध विच्छेदको संकेतका रूपमा बुझ्नु हुँदैन । बरु यसले दुवै देशलाई संवादको ढोका अझ खुला राख्नुपर्ने सन्देश दिएको छ ।

नेपालले आफ्नो राष्ट्रिय हित र भूभागको विषयमा स्पष्ट अडान राख्नुपर्छ, तर त्यससँगै कूटनीतिक सन्तुलन पनि कायम गर्नुपर्छ । भारतले पनि आफ्नो छिमेकीसँगको सम्बन्धलाई केवल रणनीतिक दृष्टिले मात्र होइन, संवेदनशील साझेदारका रूपमा बुझ्न आवश्यक छ । आखिर, असहमति हुनु स्वाभाविक हो, तर संवाद रोकिनु कूटनीतिक असफलता हो ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# राष्ट्रपति पौडेलद्वारा प्रस्तुत १०० बुँदे नीति तथा कार्यक्रम (पूर्णपाठ)

काठमाडौं, वैशाख २८ गते । राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको आगामी आर्थिक वर्ष २०८३-८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको छ ।

संघीय संसदको संयुक्त बैठकलाई सोमबार यहाँ प्रस्तुत गर्नुभएको १०० बुँदे नीति तथा कार्यक्रममले भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति लिएको छ । निजामती कर्मचारीलाई तटस्थ बनाउने, दलसँग आवद्धता भएमा जागीरबाटै हटाउनेसम्मको नीति सरकारले लिएको छ ।

सरकारको नीति तथा कार्यक्रम - २०८३
सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले
सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई
गर्नुभएको सम्बोधन
नेपाल सरकार २०८३
प्रतिनिधि सभाका सम्माननीय सभामुख,
राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष,
सङ्घीय संसद्का माननीय सदस्यहरू,

सम्वत् २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभाको निर्वाचनपश्चात् जनताबाट प्राप्त स्पष्ट जनादेशसहित गठन भएको सरकारका तर्फबाट सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित छु। नेपालको लोकतान्त्रिक आन्दोलनका प्रेरणाका अग्रजलाई स्मरण गर्दै नागरिक सर्वोच्चता, स्वतन्त्रता, सुशासन, भ्रष्टाचार नियन्त्रण, आर्थिक रूपान्तरण र जनउत्तरदायी शासन प्रणाली स्थापनाको आकाङ्क्षासहित २०८२ भदौ २३ र २४ गते युवापुस्ताको ऐतिहासिक सहभागितामा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने नागरिक तथा राष्ट्रसेवक एवम् लोकतन्त्र, स्वतन्त्रता र परिवर्तनका विभिन्न आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण तथा घाइते हुनुभएका सम्पूर्ण योद्धाहरूको शीघ्र र पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु । उहाँहरूको बलिदान यस राष्ट्रका लागि चिरस्मरणीय र प्रेरणाको अक्षय स्रोत बनिरहनेछ। उहाँहरूको त्याग, साहस र बलिदानलाई परिणाममुखी शासनमार्फत सार्थक बनाइनेछ भन्नेमा विश्वस्त छु।



***माननीय सदस्यहरू,***

१. निर्वाचनपछि प्रतिनिधि सभामा स्पष्ट बहुमत प्राप्त एउटै राजनीतिक दलको नेतृत्वमा सरकार गठन हुनु मुलुकका लागि राजनीतिक स्थिरता, नीतिगत स्पष्टता र रूपान्तरणकारी सुधारको ऐतिहासिक अवसर हो। सरकारले सुशासनलाई समृद्ध नेपालको आधारशिलाका रूपमा ग्रहण गर्दै भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, सार्वजनिक सेवा प्रवाहमा सुधार, आर्थिक पुनरुत्थान र सामाजिक उन्नतिलाई अभियानका रूपमा अघि बढाउनेछ । सबै वर्ग, क्षेत्र र समुदायको समान अपनत्व सुनिश्चित गर्न राजनीतिक दलहरूसँग संवाद र सहकार्यका आधारमा संविधान संशोधनका साझा विषय पहिचान गरी "संविधान संशोधन बहस पत्र" तयार गरिनेछ। सरकारले अघि सारेका शासकीय सुधारका एक सय कार्यसूचीलाई पूर्ण कार्यान्वयनको सुनिश्चितता गर्दै निरन्तरता दिइनेछ।

२. नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्न आगामी दशक औसत वास्तविक आर्थिक वृद्धि दर सात प्रतिशत पुग्ने गरी "नयाँ चरणको आर्थिक सुधार शृङ्खला" अन्तर्गत वृहत् कानुनी र संस्थागत सुधार गरिनेछ। उत्पादन लागत घटाउन, व्यवसाय गर्ने वातावरण सरल बनाउन, नीतिगत तथा कानुनी अवरोध हटाउन, र स्वदेशी, विदेशी तथा प्रवासी लगानी आकर्षित गर्न आर्थिक उत्प्रेरणाको आधारभूत पुनर्संरचना गरिनेछ। दीर्घकालसम्म स्थिर र पूर्वानुमानयोग्य आर्थिक नीति कायम रहने व्यवस्था गर्दै राष्ट्रिय विकास प्राथमिकता, आयोजना छनोट र कार्यान्वयनमा निरन्तरता सुनिश्चित गर्ने सक्षम संस्थागत संयन्त्र निर्माण गरिनेछ। साथै प्राथमिकताका सबै क्षेत्रको क्षेत्रगत नीति तयार गरी कार्यान्वयन गरिनेछ।

३. सबै आर्थिक कारोबारलाई डिजिटल प्लेटफर्ममा आबद्ध गरी नगदरहित, पारदर्शी र राजस्व चुहावटमुक्त अर्थतन्त्रको औपचारिकीकरण गरिनेछ। करका संरचनाको पुनरावलोकन गर्दै उद्यमी तथा मध्यम वर्गीय परिवारमाथिको बोझ घटाइनेछ। स्वेच्छिक कर अनुपालन, प्रविधिमैत्री राजस्व प्रशासन र शीघ्र कर विवाद समाधान प्रणालीमार्फत राजस्व प्रणालीलाई उद्यममैत्री बनाइनेछ।

४. विभिन्न देशसँग दोहोरो कर मुक्ति सम्झौता विस्तार गरिनेछ। प्रदूषण, पूर्वाधार र अन्य छरिएका शुल्कलाई क्रमशः एकीकृत "हरित कर प्रणाली" मा रूपान्तरण गर्ने नीति अवलम्बन गरिनेछ। भन्सार नाकामा न्यून बिजकीकरण नियन्त्रण गरिनेछ। मूल्य अभिवृद्धि लगायत सबै करको फिर्ता गर्ने प्रणाली स्वचालित र समयबद्ध बनाइनेछ।

५. सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पूर्ण पालना गर्दै जोखिममा आधारित नियमन, सुपरीवेक्षण र अभियोजन प्रणाली लागु गरिनेछ। सहकारी संस्थाको नियमन र प्रभावकारी व्यवस्थापन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरणको क्षमता सुदृढ गरिनेछ। समस्याग्रस्त सहकारी संस्थामा रकम जम्मा गरेका बचतकर्ताको रकम फिर्ता गर्न एकीकृत बचतकर्ता सुरक्षण कोष स्थापना गरी कर्जा असुली मार्फत बचतकर्ताको रकम फिर्ता गरिनेछ। कर्जा सूचना प्रणालीलाई सुदृढ गरी अत्यधिक ऋण, मिटर ब्याज र आर्थिक अपराध नियन्त्रण गरिनेछ।

६. पुँजी बजारलाई सुरक्षित, प्रतिस्पर्धी र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप विकास गरिनेछ। धितो पत्र नियमन, नेप्से तथा क्लियरिङ प्रणालीको पुनर्संरचना गर्दै संस्थागत लगानीकर्ता, पेन्सन कोष, बिमा, म्युचुअल फन्ड र गैर आवासीय नेपालीको सहभागिता विस्तार गरिनेछ। ऋण बजार, बन्ड बजार, पूर्वाधार बन्ड र जोखिम व्यवस्थापन उपकरण विकास गरी दीर्घकालीन पुँजी निर्माण गरिनेछ।

७. वैकल्पिक विकास वित्त, डायस्पोरा पुँजी र निजी लगानी परिचालन गरी पूर्वाधार वित्त पोषणको नयाँ मोडेल लागु गरिनेछ। वैदेशिक सहायता, ऋण र निजी क्षेत्रको लगानीलाई उच्च प्रतिफल दिने आयोजनामा केन्द्रित गरिनेछ। रूपान्तरणकारी आयोजनालाई स्पष्ट लक्ष्य, निश्चित बजेट र कडा समय सीमासहित अघि बढाइनेछ। आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता, डिजिटल प्रगति ट्र्याकिङ, जग्गा प्राप्ति र वनसम्बन्धी अवरोध समाधान गर्दै आयोजना सम्पन्न नभएसम्म प्रमुख जनशक्तिको जिम्मेवारी हेरफेर नगर्ने व्यवस्था गरिनेछ।

८. सार्वजनिक खर्चलाई परिणाममुखी बनाउँदै सार्वजनिक संस्थान सुधार, खर्च कटौती र चुस्त सेवा प्रवाहलाई प्राथमिकता दिइनेछ। सार्वजनिक संस्थानको वर्गीकरण गरी गाभ्ने, निजी क्षेत्रसँग सहकार्य गर्ने, रणनीतिक साझेदार भित्र्याउने वा विनिवेश गर्ने स्पष्ट नीति लागु गरिनेछ।

९. "सीमारहित अर्थतन्त्र" र "तौलरहित व्यापार" लाई राष्ट्रिय आर्थिक रणनीतिका रूपमा आत्मसात् गर्दै सूचना प्रविधिमा आधारित सेवा निर्यात, जलविद्युत्, पर्यटन र उच्च मूल्यका कृषि तथा हरित औद्योगिकीकरणलाई आर्थिक रूपान्तरणका प्रमुख आधार क्षेत्रका रूपमा विकास गरिनेछ।

१०. श्रम-निर्यातमा निर्भर अर्थतन्त्रलाई ज्ञान, सेवा, डिजिटल व्यापार, रिमोट वर्क र मूल्य अभिवृद्धि हुने सेवामुखी अर्थतन्त्रमा रूपान्तरण गरिनेछ। अन्तर्राष्ट्रिय पेमेन्ट गेटवेलाई कानुनी मान्यता दिई विदेशी मुद्रा आर्जन र कर व्यवस्थापनलाई सहज बनाइनेछ। निर्यात प्रतिस्पर्धात्मकता अभिवृद्धि, बजार विविधीकरण, एकीकृत व्यापार रणनीति र औद्योगिक लजिष्टिक गुरुयोजना कार्यान्वयन गरिनेछ।

११. सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गरी सफ्टवेयर, डिजिटल सेवा, क्लाउड सेवा, साइबर सुरक्षा, हरित कम्प्युटिङ र एआई कम्प्युटेशन निर्यातलाई प्रवर्धन गरिनेछ। डिजिटल पार्क, उच्च क्षमताका डेटा सेन्टर र सार्वजनिक डिजिटल पूर्वाधार विकास गरी नेपाललाई टेक हबका रूपमा अघि बढाइनेछ। सूचना प्रविधि निर्यात उद्योगलाई वित्तीय सहुलियत, लगानी सहजीकरण, सरकारी सह लगानी सहित अनुसन्धान तथा नवप्रवर्तन खर्चमा कर प्रोत्साहन उपलब्ध गराइनेछ।

१२. व्यवसाय दर्तादेखि निर्माण अनुमतिसम्म तिस दिनभित्र सम्पन्न गर्ने "लगानी एक्सप्रेस" नीति लागु गरिनेछ। विदेशी लगानी सम्बन्धी कानून संशोधन गरी स्वचालित मार्ग विस्तार गरिनेछ। नेपाल सरकारले तोकेभन्दा माथिको लगानी गर्ने लगानीकर्तालाई "नेपाल लगानी भिसा" उपलब्ध गराइनेछ।

१३. विशेष आर्थिक क्षेत्रहरूको विस्तार तथा साझा पूर्वाधारसहित "औद्योगिक ग्राम" स्थापना गरिनेछ। ग्रिन गार्मेन्ट भिलेज, सूचना प्रविधि पार्क, कृषि उत्पादन केन्द्र लगायत उत्पादनमूलक तथा नवप्रवर्तनमा आधारित औद्योगिक क्षेत्रहरूको विकास गर्दै त्यस्ता क्षेत्रलाई औद्योगिक पर्यटनसँग आबद्ध गरिनेछ। "स्टार्टअप नेपाल पोर्टल" मार्फत एकै दिनमा कम्पनी दर्ता, कर छुट, बिउ पुँजी लगायतका सेवा प्रदान गरिनेछ।

१४. ग्रामीण अर्थतन्त्रको पुनर्जीवन र कृषिलाई सम्मानजनक र उद्यमशील पेसाको रूपमा स्थापित गर्न बहुपक्षीय लगानी प्रवर्धन गरिनेछ। उत्पादन वृद्धि, लागत न्यूनीकरण, आयात प्रतिस्थापन र खाद्यान्न आत्मनिर्भरताका लागि नीतिगत सुधार, "प्याकेजमा आधारित उत्पादन प्रणाली", यान्त्रिकीकरण, डिजिटल प्रविधि तथा एग्रिटेक मार्फत कृषि आधुनिकिकरणलाई तीव्रता दिइनेछ। विशिष्टीकृत उत्पादन क्षेत्र विकास गरी कृषि उत्पादनलाई उद्योग, प्रशोधन र बजारसँग जोड्दै वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई कृषि उद्यममा आकर्षित गरिनेछ।

१५. बाली लगाउनुअघि नै प्रमुख कृषि बालीको न्यूनतम समर्थन मूल्य तोकी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। समर्थन मूल्यको कार्यान्वयन तथा भुक्तानी प्रणालीलाई डिजिटल बनाउँदै रकम सिधै किसानको बैंक खातामा जम्मा हुने व्यवस्था मिलाइनेछ। न्यूनतम समर्थन मूल्यमा कृषि उपज खरिद गर्ने निजी कम्पनी तथा सहकारीलाई सहुलियत प्रदान गरिनेछ। खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई सक्षम बनाइनेछ।

१६. सार्वजनिक-निजी साझेदारीमा कृषि कम्पनी र सञ्जाल स्थापना गरी उत्पादनपछिको क्षति न्यूनीकरण र आपूर्ति शृङ्खला सुदृढ गरिनेछ। गुणस्तर मापदण्ड र प्रमाणीकरणसहित विश्व पहिचान गरिएका उत्पादनलाई भण्डारण, ब्रान्डिङ र स्तरीकरणमार्फत निर्यात प्रवर्धन गरिनेछ। विषादीको आयात तथा प्रयोगको नियमन सुदृढ गर्न सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय गरिनेछ। प्रमुख कृषि उपज बजार र भन्सार बिन्दुमा विषादी जाँच गर्न अन्तर्राष्ट्रिय प्रत्यायनयुक्त प्रयोगशालाहरू विकास, विस्तार र सञ्चालन गरिनेछ।

१७. कृषियोग्य जमिन बाँझो रहने प्रवृत्तिलाई निरुत्साहित गर्दै भूमि बैंक प्रणालीमार्फत बाँझो जमिनलाई उत्पादन कार्यमा उपयोग गर्न युवा, महिला, भूमिहीन तथा साना तथा सीमान्तकृत किसानको पहुँच सुनिश्चित गरिनेछ। किसान सूचीकरण, परिचयपत्र र क्रेडिट कार्डमार्फत सहुलियतपूर्ण वित्त र प्रविधिमा पहुँच विस्तार गरिनेछ। करार खेती, सहकारी खेती र कृषि वन प्रणालीलाई प्रोत्साहन गरिनेछ।

१८. नापी र मालपोत सेवालाई एकीकरण गरी जग्गा प्रशासन सेवा चरणबद्ध रूपमा सबै स्थानीय तहमा विस्तार गरिनेछ। आधुनिक प्रविधिबाट भूमिको नाप नक्सा गरी अभिलेख अद्यावधिक गर्ने प्रक्रिया अगाडि बढाइनेछ। भूमिको स्वामित्व र उपयोगबिच सन्तुलन कायम हुने गरी असुरक्षित स्थानमा बसोबास गर्ने, भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्याको दीर्घकालीन समाधानका लागि सुरक्षित र उचित बसोबासको व्यवस्थापन गरिनेछ।

१९. माटोको स्वास्थ्य सुधार गर्न जैविक एवम् प्राङ्गारिक मलमा अनुदानको व्यवस्था गर्दै जैविक विविधता संरक्षण र रैथाने बाली प्रवर्धन गरिनेछ। उत्पादनदेखि उपभोगसम्म सम्पूर्ण खाद्य प्रणालीलाई उत्त्थानशील बनाइनेछ। बिमा, पशुस्वास्थ्य सेवा र व्यावसायीकीकरणमार्फत पशुपालन क्षेत्र सुदृढ गरिनेछ। जलाधार संरक्षण, वातावरणीय कृषि प्रणाली र प्रविधिमार्फत कृषि क्षेत्रलाई हरित अर्थतन्त्रसँग जोडिनेछ।

२०. खोरेत तथा पशुपन्छीमा लाग्ने अन्य रोगको नियन्त्रणका लागि प्रदेश र स्थानीय तहसँग समन्वय गरी अभियानमुखी खोप कार्यक्रम सञ्चालन गरिनेछ। साना किसानका लागि बाली तथा पशुधन बिमाको दायरा विस्तार गरी बिमा लेख जारी, प्रिमियम अनुदान भुक्तानी र दाबी प्रक्रियालाई डिजिटल प्रणालीमा आबद्ध गरिनेछ।

२१. दिगो वन व्यवस्थापनमार्फत काठ, जडीबुटी, आयुर्वेदिक औषधि, कार्बन व्यापार, पर्यटन तथा बिमामा आधारित उद्योगको विकास गरी अर्थतन्त्रमा वन क्षेत्रको योगदान अभिवृद्धि गरिनेछ। जडीबुटी प्रशोधन, मूल्य अभिवृद्धि र निर्यातलाई प्राथमिकता दिइनेछ।

२२. चरन क्षेत्र विकास, पशुपालन र वनमा आधारित जीविकोपार्जन प्रवर्धन गर्दै वन क्षेत्रका स्रोतहरूको वैज्ञानिक उपयोग गरिनेछ। वन क्षेत्रभित्र रहेका स्याउला, सोत्तर तथा मिचाहा वनस्पतिलाई स्थानीय समुदाय र निजी क्षेत्रको संलग्नतामा उपयोग गरी प्राङ्गारिक मल, ब्रिकेट र बायोचार उत्पादन प्रवर्धन गरिनेछ।

२३. "नेपाल कार्बन प्राधिकरण" गठन गरी रेड-प्लस कार्यक्रम विस्तार गरिनेछ। सामुदायिक वन समूहलाई कार्बन क्रेडिटबाट प्रत्यक्ष लाभ सुनिश्चित गरिनेछ। नीतिगत सुधारमार्फत भवन निर्माण तथा उद्योगमा स्वदेशी काठको उपयोगलाई प्रोत्साहन गरिनेछ।

२४. "वन डढेलो उच्च-सतर्कता केन्द्र" स्थापना, निरन्तर निगरानी तथा अग्नि नियन्त्रण क्षमता अभिवृद्धि गरिनेछ। ड्रोन, स्याटेलाइट लगायत आधुनिक प्रविधिमार्फत डढेलो, वन अतिक्रमण तथा अवैध क्रियाकलापको रियल-टाइम निगरानी गरिनेछ।

२५. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि क्षतिपूर्ति, पूर्व सूचना प्रणाली, रोकथाम संरचना, तटबन्धी, स्थानान्तरण र वैकल्पिक बाली प्रवर्धन जस्ता उपाय कार्यान्वयन गरिनेछ। राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको वासस्थान संरक्षण गरिनेछ। चुरे क्षेत्रमा एकीकृ संरक्षण, जल पुनर्भरण तथा वैज्ञानिक उत्खनन लागु गरिनेछ।

२६. वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति र वनसम्बन्धी अनुमति प्रक्रियालाई इ-पोर्टलमार्फत सरलीकृत गर्दै पूर्वाधार विकास र वातावरण संरक्षणबिच सन्तुलन कायम गरिनेछ। वायुगुणस्तर सुधार, स्वच्छ प्रविधि प्रवर्धन र प्रदूषण नियन्त्रण गरिनेछ। काठमाडौँ उपत्यका वायुगुणस्तर सुधार कार्ययोजना अद्यावधिक गर्दै राष्ट्रिय वायुगुणस्तर व्यवस्थापन कार्ययोजना कार्यान्वयन गरिनेछ। परम्परागत इँटा उद्योगलाई स्वच्छ प्रविधिमा रूपान्तरण गरिनेछ।

२७. वायुप्रदूषण न्यूनीकरण, जलवायु अनुकूलन र दिगो शहरी वातावरण व्यवस्थापनका लागि बहुपक्षीय समन्वयमा कार्यान्वयन प्रणाली सुदृढ गरिनेछ। सीमापार प्रदूषण नियन्त्रणका लागि द्विपक्षीय तथा क्षेत्रीय सहकार्य सुदृढ गरिनेछ।

२८. अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच वृद्धि गर्दै वन, कृषि, ऊर्जा र जैविक विविधतामा आधारित हरित अर्थतन्त्रलाई टेवा दिइनेछ। "हरित वित्त ढाँचा" विकास गरी जलविद्युत् लगायत हरित पूर्वाधारमा अन्तर्राष्ट्रिय सहुलियतपूर्ण वित्त आकर्षण गरिनेछ। "नेट जिरो २०४५" प्रतिबद्धता कार्यान्वयनका लागि क्षेत्रगत लक्ष्य र समय सीमासहितको राष्ट्रिय कार्ययोजना लागु गरिनेछ।

२९. नेपालका नदीहरूलाई केवल जलस्रोत मात्र नभई सभ्यता, संस्कृति, जैविक विविधता र मानव अस्तित्वको आधारका रूपमा समेत संरक्षण गर्ने राष्ट्रिय नीति अवलम्बन गरिनेछ। धार्मिक, सांस्कृतिक, वातावरणीय तथा सामाजिक महत्त्वका नदीहरूको वैज्ञानिक अध्ययन गरिनेछ। नदीसँग जोडिएका आदिवासी समुदाय, परम्परा र आध्यात्मिक मूल्यलाई राष्ट्रिय सम्पदाका रूपमा संरक्षण गर्दै आगामी पुस्ताका लागि स्वच्छ, निरन्तर बग्ने नदी प्रणाली सुनिश्चित गरिनेछ। नदी बेसिनमा आधारित एकीकृत जलस्रोत व्यवस्थापन लागु गर्दै जलविद्युत्, सिँचाइ, खानेपानी, पर्यटन र तल्लो तटीय लाभहरू समेट्ने बहुउद्देश्यीय आयोजना विकास गरिनेछ। आगामी दशकमा तिस हजार मेगावाट विद्युत् उत्पादन लक्ष्य हासिल गर्न ऊर्जा, वन, भूमि तथा वातावरणसम्बन्धी कानुन परिमार्जन गरी एकद्वार प्रणाली लागु गरिनेछ। आयोजना प्रभावित क्षेत्रका नागरिकलाई मुआब्जाको सट्टा शेयर लगानीको विकल्प प्रदान गरिनेछ।

३०. विद्युत् उत्पादन, प्रसारण, वितरण र व्यापारमा निजी क्षेत्रको सहभागिता सुनिश्चित गरिनेछ। ऊर्जा-आधारित उद्योग प्रवर्धन गर्दै आन्तरिक खपतमा व्यापक वृद्धि गरिनेछ। अन्तरदेशीय ऊर्जा व्यापार सम्झौताहरूलाई दीर्घकालीन लगानी आकर्षित गर्ने माध्यम बनाइनेछ।

३१. राष्ट्रिय ग्रिड नपुगेका स्थानमा अफग्रिड सौर्य, वायु तथा लघु जलविद्युत् प्रणाली विस्तार गरिनेछ। ग्रिन हाइड्रोजन, हरित अमोनिया तथा रासायनिक मल जस्ता रणनीतिक हरित उद्योगलाई प्रवर्धन गर्न कर-भन्सार छुट, सहुलियतपूर्ण विद्युत् दर, पुँजी प्रोत्साहन र लगानीमैत्री नीति लागु गरिनेछ। साथै, यातायात क्षेत्रमा व्यावसायिक प्रयोग विस्तार गर्न ग्रिन हाइड्रोजन पूर्वाधारको सुरुवात गरिनेछ।

३२. तराई-मधेशका सिँचाइ सेवा नपुगेका क्षेत्रमा भूमिगत जलस्रोत मर्फत तथा पहाडी र हिमाली क्षेत्रका कृषियोग्य फाँटहरूमा लिफ्ट प्रविधिमार्फत सिँचाइ सुविधा सुनिश्चित गरिनेछ। ठूला सिँचाइ प्रणालीको आधुनिकीकरण, मर्मत सम्भार तथा पुनःस्थापना गर्दै उपभोक्ता सहभागितामा आधारित दिगो व्यवस्थापन प्रणाली विकास गरिनेछ। स्वचालित जल तथा मौसम केन्द्रको विस्तार गरी पूर्वानुमान प्रणाली सुदृढ गरिनेछ। बहुप्रकोप पूर्व

*बाँकी पृष्ठ ३मा*

# राष्ट्रपति........

सूचना प्रणालीलाई सुदृढ गरी थप विश्वसनीय बनाइनेछ।

३३. औद्योगिक नीति, २०६७ परिमार्जन गरी नयाँ "राष्ट्रिय औद्योगिक नीति" तर्जुमा गरिनेछ। स्टार्टअप, लघु, साना तथा मझौला उद्यमलाई वित्त, प्रविधि, बजार र क्षमता विकासमा एकीकृत पहुँच उपलब्ध गराउन "राष्ट्रिय उद्यम प्रवर्धन सुविधा" स्थापना गरिनेछ। नेपाल व्यापार एकीकृत रणनीति र व्यापार घाटा न्यूनीकरण कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

३४. लगानीका क्षेत्र विस्तार गर्दै सार्वजनिक निजी साझेदारीमार्फत परियोजना पाइपलाइन तयार गरी लगानी जोखिम बाँडफाँड र सम्झौता ढाँचा स्पष्ट गरिनेछ। महिलाले नेतृत्व गरेका उद्यमलाई बजारमुखी बनाउन "महिला उद्यमशीलता विकास रणनीति" तर्जुमा गरिनेछ। श्रम प्रधान, निर्यात सम्भावना भएका कृषि प्रशोधन, पर्यटन सेवा, हलुका उत्पादन र प्रविधिमा आधारित उद्योगको विस्तारका लागि "रोजगारी आदि उत्पादन क्षेत्र" स्थापना गरिनेछ।

३५. खनिज तथा खानी क्षेत्रलाई आर्थिक वृद्धिको आधारका रूपमा विकास गर्न नीतिगत, कानुनी र संस्थागत सुधार गरिनेछ। ढुङ्गा, गिट्टी, बालुवा लगायत निर्माण सामग्रीको दिगो उपयोग, पारदर्शी आपूर्ति र नियमन गरी अवैध उत्खनन तथा अनियमितता नियन्त्रण गरिनेछ।

३६. हवाई पूर्वाधार विस्तार, अन्तर्राष्ट्रिय विमानस्थलहरूको पूर्ण सञ्चालन र आधुनिकीकरण गरी भरपर्दो र प्रतिस्पर्धी हवाई सेवा विकास गरिनेछ। नागरिक उड्डयन क्षेत्रमा संरचनात्मक सुधार, निजी क्षेत्रको सहभागिता विस्तार र अन्तर्राष्ट्रिय सुरक्षा मापदण्ड कार्यान्वयन गरिनेछ। पर्यटक भिसा सेवालाई पूर्ण रूपमा अनलाइन प्रणालीमा आबद्ध गरिनेछ। अन्तर्राष्ट्रिय विमानस्थलमा ई-गेट प्रणाली जडान गरी यात्रीको प्रतीक्षा समय घटाइनेछ। गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा थप अन्तर्राष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षण गर्न कूटनीतिक पहल गरिनेछ।

३७. अध्यागमन बिन्दुबाटै पर्यटकीय अनुमति र सेवाहरूलाई एकीकृत गर्ने एकद्वार डिजिटल पर्यटन प्रणाली लागु गरिनेछ। पर्वतीय पर्यटनको सुरक्षा, खोज तथा उद्धार प्रणालीलाई आधुनिक प्रविधिसँग जोडिनेछ। "भिजिट नेपाल २०८५" को पूर्व तयारीका लागि पर्यटक आगमन, प्रति पर्यटक खर्च वृद्धि र बसाई अवधि बढाउने गरी अन्तर्राष्ट्रियस्तरमा प्रवर्धन गरिनेछ।

३८. नेपाललाई विश्व आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा स्थापित गर्न "देवभूमि नेपाल" राष्ट्रिय अभियान सञ्चालन गरिनेछ। धार्मिक, सांस्कृतिक, आरोग्य, अध्ययन, चलचित्र, आध्यात्मिक तथा अवकाश पर्यटनको उदाउँदो गन्तव्यका रूपमा विकास गरिनेछ। आध्यात्मिक तीर्थ कूटनीति मार्फत पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम र मुक्तिनाथ क्षेत्रको प्रवर्धन गरिनेछ।

३९. समुदायद्वारा सञ्चालित होमस्टे, स्थानीय कला, संस्कृति र परम्परालाई पर्यटनसँग जोड्दै सीमान्तकृत तथा दलित समुदायको आयआर्जन र रोजगारी प्रवर्धन गरिनेछ। जीवन्त सङ्ग्रहालयको अवधारणालाई कार्यान्वयन गर्दै कम्तीमा पाँच हजार नयाँ होमस्टेलाई "नेपाल होमस्टे" ब्रान्डिङसहित बुकिङ प्लेटफर्मसँग आबद्ध गरिनेछ।

४०. नेपाललाई साहसिक पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्न पर्वतारोहण, ट्रेकिङ, र्‍याफ्टिङ, प्याराग्लाइडिङ, बन्जी जम्प, स्काइ डाइभिङ लगायत साहसिक पर्यटन पूर्वाधार, सुरक्षा मापदण्ड र अन्तर्राष्ट्रिय प्रवर्धनलाई सुदृढ गर्दै प्रकृति, संस्कृति र समुदायमा आधारित नयाँ पर्यटन इकोसिस्टम विकास गरिनेछ। कर्णाली, सुदूरपश्चिम, मधेश र कोशी प्रदेशलाई थप प्राथमिकतामा राखी नयाँ गन्तव्यहरूको प्रवर्धन गरिनेछ। हिमाली, मध्यपहाडी र तराई क्षेत्रमा कम्तीमा दश नयाँ पदमार्ग पहिचान र प्रवर्धन गरिनेछ। नेपाल पर्यटन बोर्डलाई सार्वजनिक निजी साझेदारी मोडेलमा पुनर्संरचना गरी नवप्रवर्तनशील बनाइनेछ।

४१. नयाँ राष्ट्रिय रोजगारी नीति तर्जुमा गरी सिप, शिक्षा, श्रम बजार सूचना, सामाजिक सुरक्षा र रोजगार सेवा प्रणालीलाई एकीकृत गरिनेछ। "कमाउँदै सिक्दै" अवधारणामा आधारित राष्ट्रिय एप्रेटिन्ससिप कार्यक्रम सञ्चालन गरिनेछ। नेपालमै बसेर विदेशी रोजगारदाताका लागि काम गर्न सकिने "रिमोट वर्क नीति" को कानुनी व्यवस्था गरिनेछ। वैदेशिक रोजगारीबाट फर्केका युवाको सिपलाई डिजिटल "सिप पासपोर्ट" मार्फत अभिलेखीकरण गरी अन्तर्राष्ट्रिय व्यावसायिक प्रमाणीकरण उपलब्ध गराइनेछ।

४२. श्रमिकका लागि कानुनी सहायता र न्यायमा सहज पहुँच सुनिश्चित गरिनेछ। डिजिटल श्रम निरीक्षण प्रणाली लागु गरी न्यूनतम पारिश्रमिक सुनिश्चितता, कार्यस्थलमा व्यावसायिक सुरक्षा तथा स्वास्थ्यको प्रत्याभूति गरिनेछ। सरकार, रोजगारदाता र श्रमिकबिच असल श्रम सम्बन्ध विकास गर्दै राष्ट्रियस्तरको कल्याणकारी कोष प्रभावकारी रूपमा परिचालन गरिनेछ। बाल श्रम निवारणसम्बन्धी प्रतिबद्धताको कडाइका साथ कार्यान्वयन गरिनेछ।

४३. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र प्रतिफलमूलक बनाइनेछ। अत्यधिक सेवा शुल्क र श्रम शोषणविरुद्ध कारबाही गरिनेछ। वैदेशिक रोजगारमा जानेका लागि छुट्टै लेन र सेवा उपलब्ध गराइनेछ। श्रम कूटनीति मार्फत उच्च पारिश्रमिक दिने गन्तव्यतर्फ विविधीकरण गरिनेछ। विप्रेषणलाई उपभोगबाट उत्पादिशील लगानीमा रूपान्तरित गर्न "विप्रेषण-लगानी मिलान कोष" सञ्चालन गरिनेछ। विदेशमा मृत्यु वा अङ्गभङ्ग भएका कामदारका परिवारका लागि उद्धार र कल्याणकारी कार्यक्रम सुदृढ गरिनेछ। रिभर्स माइग्रेसनलाई प्रोत्साहन गर्न एकीकृत प्रोत्साहन प्याकेज ल्याइनेछ।

४४. अनौपचारिक क्षेत्रलाई औपचारिक अर्थतन्त्रमा रूपान्तरण गर्दै श्रमिकको अधिकार संरक्षण गरिनेछ। वैदेशिक रोजगारीलाई बाध्यताबाट विकल्पमा रूपान्तरण गर्न आर्थिक वर्ष २०८३/०८४ देखि २०९२/०९३ सम्म "रोजगार प्रवर्धन दशक" घोषणा गरी कार्यक्रम सञ्चालन गरिनेछ।

४५. शिक्षालाई समता र समृद्धिको आधारका रूपमा स्थापित गरिनेछ। माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गरिनेछ। पुस्तक, दिवा खाजा र पोसाकको सहज वितरणसहित शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी तथा रोजगारमुखी बनाउँदै सबै तहको पाठ्यक्रमको समयसापेक्ष पुनरावलोकन गरिनेछ। सार्वजनिक शिक्षामा दीर्घकालीन लगानी वृद्धि गर्दै निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थालाई सेवामुखी र गुणस्तर-केन्द्रित बनाउन स्वस्थ नियमन गरिनेछ।

४६. ई-लर्निङ, भर्चुअल कक्षा, खुला डिजिटल सामग्री, कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गरिनेछ। उच्च शिक्षालाई श्रम बजारसँग आबद्ध गराउँदै विश्वविद्यालयको प्राज्ञिक तथा शासकीय पुनर्संरचना गरिनेछ। दश हजार सामुदायिक हवद्यालयमा उच्च गतिको इन्टरनेट, डिजिटल सामग्री र कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गरिनेछ। हवद्यालय नक्साङ्कन, समायोजन, शिक्षक दरबन्दी मिलान, पुस्तकालय र प्रयोगशाला सुधार एकीकृत योजनामार्फत कार्यान्वयन गरिनेछ।

४७. विपन्न, सीमान्तकृत, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका तथा पिछडिएका क्षेत्रका सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गरिनेछ। स्वास्थ्य, पोषण, छात्रवृत्ति, आवासीय सुविधा र सुरक्षित सिकाइ वातावरणलाई सुदृढ गरिनेछ। अटिजम तथा न्यूरो डाइभर्सिटी भएका बालबालिकाका लागि थेरापी सेवा, असिस्टिभ टेक्नोलोजी, विशेष तालिम प्राप्त शिक्षक र समावेशी विद्यालय प्रणाली विकास गरिनेछ। सबै छात्रवृत्ति कार्यक्रमलाई योग्यतामा आधारित र डिजिटल प्रणालीमार्फत सिधै बैंक खातामा भुक्तानी हुने व्यवस्था मिलाइनेछ।

४८. शिक्षक नियुक्ति, पदोन्नति र मूल्याङ्कन प्रणालीलाई योग्यतामा आधारित र पारदर्शी बनाइनेछ। शिक्षकको पेसागत विकास, अभिलेख व्यवस्थापन र उचित पारिश्रमिक सुनिश्चित गरिनेछ। उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय शिक्षालाई सिकाइमुखी बनाउन पाठ्यक्रम, मूल्याङ्कन र प्रमाणीकरण प्रणालीको पुनरावलोकन एवम् सुधार गरिनेछ।

४९. खेलकुदलाई राष्ट्रिय एकता, स्वास्थ्य, पर्यटन र अर्थतन्त्रसँग तोड्दै विद्यालय तहदेखि प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ। खेल क्षेत्रको व्यावसायीकीकरण, निजी क्षेत्रको सहभागिता र खेलाडीको सामाजिक सुरक्षा सुनिश्चित गरिनेछ। राष्ट्रिय स्वयंसेवक कार्यक्रम सञ्चालन गरी डिजिटल साक्षरता, समुदाय सेवा, नवप्रवर्तन र स्थानीय विकासमा युवा परिचालन गरिनेछ।

५०. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक लगायत सबै लक्षित समूहको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणलाई उच्च प्राथमिकता दिइनेछ। अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गर्दै अधिकारमा आधारित विकासको सुनिश्चितता गरिनेछ।

५१. सबै प्रकारका लैङ्गिक हिंसामा शून्य सहनशीलता अपनाउँदै मानव बेचबिखनमुक्त समाज निर्माण गरिनेछ। सामाजिक तथा सांस्कृतिक विभेद र हानिकारक अभ्यास अन्त्य गर्न सामाजिक रूपान्तरण अभियान सञ्चालन गरिनेछ। हिंसा पीडित-केन्द्रित सेवा प्रणाली सुदृढ गरी उद्धार, कानुनी सहायता, पुनःस्थापना र सामाजिक पुनःएकीकरणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

५२. आगामी आर्थिक वर्षभित्र सडक बालबालिकामुक्त नेपाल घोषणा गरिनेछ। तिनै तहका सरकारको बजेट प्रणालीमा "बालबालिका उत्तरदायी बजेट कोड" लागु गरिनेछ।

५३. असहाय, अशक्त तथा जोखिममा परेका नागरिकको समुदायमै संरक्षण तथा पुनःस्थापना सेवाको व्यवस्था गरिनेछ। अपाङ्गता भएका व्यक्तिलाई उद्यमशीलता र रोजगारमूलक सिप प्रदान गरी आत्मनिर्भ बनाइनेछ। सार्वजनिक संरचनालाई पूर्ण रूपमा अपाङ्गतामैत्री बनाइनेछ।

५४. सामाजिक क्षेत्रका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, दोहोरोपन न्यूनीकरण र सेवा प्रवाहमा एकरूपता कायम गर्न सङ्घ, प्रदेश र स्थानीय तहबिचको समन्वय तथा सहकार्य सुदृढ गरिनेछ। गैरसरकारी संस्थामार्फत हुने लगानीलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्न नीतिगत तथा संस्थागत सुधार गरिनेछ।

५५. देशभर आधभूरभूत स्वास्थ्य सेवामा "न्यूनतम मापदण्ड" लागु गर्दै आवश्यक जनशक्ति, औषधि, उपकरण र पूर्वाधारसहितको एकीकृत सेवा मोडेल कार्यान्वयन गरिनेछ।

५६. स्वास्थ्य बिमा कार्यक्रमको पुनर्संरचना गरिनेछ। टेलिहेल्थ प्लेटफर्ममार्फत दुर्गम क्षेत्रका नागरिकलाई विशेषज्ञ परामर्श सेवा उपलब्ध गराइनेछ। रोग निगरानी र नियन्त्रणका लागि "सेन्टर फर डिजिज कन्ट्रोल" तथा स्वास्थ्य सेवा गुणस्तर बढाउन "राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण" स्थापना गरिनेछ। जैविक अध्ययन, सार्वजनिक स्वास्थ्य अनुसन्धान र महामारी नियन्त्रण क्षमता सुदृढ गर्न सङ्घीय तहमा "राष्ट्रिय जैविक अध्ययन प्रयोगशाला" स्थापना गरिनेछ।

५७. क्यान्सर लगायत नसर्ने रोग नियन्त्रणका लागि उपचारभन्दा रोकथाम, सचेतना, नियमित परीक्षण र जीवनशैलीमा आधारित रणनीति कार्यान्वयन गरिनेछ। मानसिक स्वास्थ्यलाई सार्वजनिक स्वास्थ्यको अभिन्न अङ्गका रूपमा स्थापित गर्दै राष्ट्रिय मानसिक स्वास्थ्य नीति कार्यान्वयन गरिनेछ। योग, ध्यान र समुदायमा आधारित स्वास्थ्य कार्यक्रमको विस्तार र प्रवर्धन गरिनेछ।

५८. अत्याधुनिक अपाङ्गता पुनःस्थापना केन्द्रहरूको स्थापना गरी प्रोस्थेटिक्स, फिजियोथेरापी लगायतका विशिष्टीकृत सेवाहरू उपलब्ध गराइनेछ। अपाङ्गताको प्रारम्भिक पहिचान, शीघ्र हस्तक्षेप र पुनःस्थापना सेवालाई आधारभूत स्वास्थ्य प्रणालीसँग आबद्ध गर्दै स्थानीय तहसम्म विस्तार गरिनेछ। बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि सहायक प्रविधिसहित विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

५९. स्वास्थ्य जनशक्ति विकास गर्न एकीकृत मानव संसाधन प्रणाली विकास गरिनेछ। आयुर्वेद, प्राकृतिक तथा वैकल्पिक उपचार पद्धतिलाई वैज्ञानिक आधारमा संस्थागत गरिनेछ। नेपाल औषधि लिमिटेडको स्तरोन्नति गरिनेछ। स्वदेशी औषधि उत्पादनलाई प्रवर्धन गरिनेछ।

माननीय सदस्यहरू,

६०. सम्वत् २०८७ सम्ममा सबै नागरिकलाई स्वच्छ खानेपानी तथा आधारभूत सरसफाइ सुविधा सुनिश्चित गर्ने लक्ष्यसहित तिनै तहका सरकारको समन्वयमा एकीकृत कार्यक्रम कार्यान्वयन गरिनेछ। ठुला अधुरा आयोजनाहरू शीघ्र सम्पन्न गरिनेछ। तराई-मधेशमा आर्सेनिकमुक्त पानी, डिप बोरिङ र सतही जल प्रणाली विकास गरिनेछ। ढल व्यवस्थापन प्रणाली सुधार गरी नदी-नालाको स्वच्छता कायम गरिनेछ। खानेपानीको गुणस्तरप्रति सार्वजनिक विश्वास कायम गर्न पानी परीक्षण प्रयोगशाला र नियमित परीक्षण पद्धति स्थापित गरिनेछ।

६१. जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण गर्न भूमिगत जल पुनर्भरण, वर्षातको पानी सङ्कलन, जलाशयमा आधारित आयोजना र मुहान संरक्षणलाई प्राथमिकता दिइनेछ। "हिमालयन ओरिजिन सेफ ड्रिङ्किङ वाटर" अवधारणामार्फत नेपाली जलको ब्रान्डिङ गरिनेछ।

६२. सार्वजनिक पूर्वाधार, विद्यालय, स्वास्थ्य संस्था र राजमार्ग क्षेत्रमा सुरक्षित पिउने पानी तथा अपाङ्गतामैत्री सरसफाइ पूर्वाधार विस्तार गरिनेछ। काठमाडौं उपत्यकासहित ठुला शहरहरूमा ढल तथा फोहोर व्यवस्थापन प्रणालीलाई निजी क्षेत्र, समुदाय र सहकारीको सहभागितामा एकीकृत रूपमा सञ्चालन गरिनेछ। ढल प्रशोधन संयन्त्र स्थापना गरी प्रशोधित पानीलाई सिँचाइ तथा उद्योगका लागि प्रयोग गरिनेछ। बागमती लगायत नदीहरूको वातावरणीय स्वच्छता कायम गरिनेछ।

*माननीय सदस्यहरू,*

६३. हुलाकी, पुष्पलाल, उत्तर-दक्षिण राजमार्गलगायतका राष्ट्रिय सडक सञ्जालको स्तरोन्नति र विस्तार तीव्र पारिनेछ। काठमाडौं-तराई मधेश द्रुतमार्ग तथा यसका लिङ्क सडकहरू शीघ्र सम्पन्न गरिनेछ। सबै स्थानीय तहलाई बाह्रै महिना सञ्चालन हुने सडक सञ्जालसँग जोडिनेछ।

६४. विद्युतीय मास ट्रान्जिट प्रणाली विकास गर्दै सार्वजनिक यातायातलाई भरपर्दो बनाइनेछ। पर्यटन सम्भावना भएका क्षेत्रमा सडक पहुँच, राजमार्ग स्तरोन्नति, वैकल्पिक मार्ग र राजमार्ग सेवा केन्द्र विकास गरी स्थानीय अर्थतन्त्रलाई चलायमान बनाइनेछ।

६५. पूर्वाधार विकासलाई तीव्र बनाउन प्रधानमन्त्री डेलिभरी युनिटलाई सुदृढ गरी मिसन मोडमा कार्यान्वयन गरिनेछ। सार्वजनिक यातायात तथा सडक सम्बन्धी कानुन परिमार्जन गरिनेछ। ठुला आयोजना समयमै सम्पन्न गर्न सुधारिएको ठेक्का प्रणाली र इन्जिनियरिङ मापदण्डको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। सडक, रेल, जल, रोपवे र हवाई यातायातलाई समेट्ने "एकीकृत राष्ट्रिय यातायात गुरुयोजना" तयार गरिनेछ। "लगानी एक्सप्रेस" अवधारणाअनुसार पूर्वाधारसँग सम्बन्धित विवादको शीघ्र सुनुवाइ र निर्णय गरिनेछ।

६६. सडक दुर्घटना न्यूनीकरणका लागि जीपीएस ट्र्याकिङ, एआईमा आधारित ट्राफिक क्यामेरा, डिजिटल जरिवाना प्रणाली र गति नियन्त्रण कडाइका साथ लागु गरिनेछ। पैदल तथा साइकल यात्रीका लागि सुरक्षित पूर्वाधार निर्माण गरिनेछ। सार्वजनिक यातायातमा महिलाको सुरक्षित पहुँच सुनिश्चित गरिनेछ। काठमाडौंमा "बस र्‍यापिड ट्रान्जिट (बीआरटी)" को विस्तृत अध्ययन र कार्यान्वयन प्रक्रिया सुरु गरिनेछ।

६७. पूर्व-पश्चिम विद्युतीय रेलमार्गको निर्माणलाई निरन्तरता दिई केरुङ-काठमाडौं तथा रक्सौल-काठमाडौं रेलमार्गको लगानी मोडालिटी लगायतका विषयमा अध्ययन अघि बढाइनेछ। दीर्घकालीन रूपमा जलवायु अनुकूल, दिगो र प्रतिस्पर्धी यातायात प्रणाली निर्माण गरिनेछ।

६८. शहरी पूर्वाधार सूचक कमजोर भएका नगरपालिकालाई प्राथमिकता दिँदै बृहत् शहरी विकास कार्यक्रम सञ्चालन गरिनेछ। एकीकृत फोहरमैला व्यवस्थापन प्रणाली विकास गर्दै फोहर सङ्कलन, प्रशोधन र पुनःप्रयोगका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ।

६९. आवासविहीन, सीमान्तकृत, विपन्न तथा विपद् प्रभावित समुदायका लागि किफायती र सुविधायुक्त आवास योजना कार्यान्वयन गरिनेछ। वास्तविक भूमिहीनको पहिचान गरी स्थायी आवास र स्वामित्व सुनिश्चित गरिनेछ। मध्य पहाडी लोकमार्ग आसपासका नयाँ शहरलाई पहिचानयुक्त शहरका रूपमा विकास गर्दै जग्गा विकास, पूर्वाधार र स्थानीय आर्थिक सम्भावनासँग जोडिनेछ।

७०. राष्ट्रिय भवन संहिताको अनिवार्य कार्यान्वयन गर्दै सबै नयाँ निर्माणमा भूकम्प प्रतिरोधी, अग्नि सुरक्षा र आधुनिक पूर्वाधार मापदण्ड लागु गरिनेछ। २०७२ को भूकम्पबाट क्षति भएका संरचनाहरूको पुनर्निर्माणलाई प्राथमिकता दिइनेछ। छरिएका तथा जोखिमयुक्त बस्तीलाई व्यवस्थित गर्न भू-उपयोग, पूर्वाधार र सामुदायिक सेवासहितको एकीकृत परियोजना लागु गरिनेछ।

७१. प्रतिक्रियामुखीभन्दा पूर्व तयारीमुखी विपद् व्यवस्थापन नीति अवलम्बन गर्दै जोखिम नक्साङ्कन, प्रारम्भिक चेतावनी प्रणाली र विपद् सुरक्षा अभ्यासलाई संस्थागत गरिनेछ। खोज तथा उद्धारका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल सम्मिलित एकीकृत कमाण्ड प्रणाली विकास गरी ड्रोन, हेलिकोप्टर लगायत आधुनिक प्रविधिको प्रयोगमा निजी क्षेत्रसँग साझेदारी गरिनेछ।

७२. बजेट पारित हुनु अघि नै विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय अनुमति र जग्गा प्राप्ति अनिवार्य रूपमा सम्पन्न गर्नुपर्ने व्यवस्था मिलाइनेछ। साउनदेखि नै खरिद प्रक्रिया सुरु गर्ने "शून्य-ढिलाइ खरिद नीति" लागु गरी असार महिनामा केन्द्रित खर्च विकृति अन्त्य गरिनेछ। ठुला खरिदहरूमा खुला सार्वजनिक खरिद नीति लागु गरिनेछ।

माननीय सदस्यहरू,

७३. डिजिटल सुशासन ब्लु प्रिन्ट अनुरूप राष्ट्रिय डिजिटल पूर्वाधार स्थापना गरी ई-क्लाउड र डाटा नीति कार्यान्वयनको केन्द्रीय समन्वय गरिनेछ। राष्ट्रिय डिजिटल रणनीति, डिजिटल खरिद, डाटा नीति, अन्तर-सञ्चालन मापदण्ड र सरकारी क्लाउड पूर्वाधारको विकास गरिनेछ।

७४. डाटा, कृत्रिम बुद्धिमत्ता, डिजिटल प्रविधि र साइबर सुरक्षाको प्रयोग सहित नवप्रवर्तन र स्टार्टअप प्रवर्धन गर्दै ज्ञानमा आधारित अर्थतन्त्रको विकास गरिनेछ। दूरसञ्चार क्षेत्रमा नवीनतम प्रविधिको विस्तार, रेडियो फ्रिक्वेन्सी व्यवस्थापनका मापदण्ड र सुदृढ अनुगमन प्रणाली लागु गरिनेछ। दुर्गम क्षेत्रसम्म डिजिटल पहुँच विस्तार गरी डिजिटल विभेद न्यूनीकरण गरिनेछ।

७५. विज्ञापन तथा सञ्चार क्षेत्रको पारदर्शी र उत्तरदायी व्यवस्थापनका लागि तिनै तहका सरकारको समन्वयमा यस क्षेत्रको नियमन प्रणाली सुदृढ गरिनेछ। हुलाक सेवाको विविधीकरण, आधुनिकीकरण र डिजिटल रूपान्तरण गरिनेछ।

७६. चलचित्र, वृत्तचित्र, फोटोग्राफी र डिजिटल सामग्री उत्पादनलाई उद्योगको रूपमा विकास गरिनेछ। मुलुकको प्राकृतिक र सांस्कृतिक सम्पदालाई अन्तर्राष्ट्रिय बजारमा प्रवर्धन गर्दै नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कन तथा सिर्जनात्मक गन्तव्यका रूपमा स्थापित गरिनेछ।

***माननीय सदस्यहरू,***

७७. जल तथा मौसमसम्बन्धी तथ्याङ्कलाई डिजिटल प्लेटफर्ममा एकीकृत गरी विपद् सम्बन्धी पूर्वसूचना प्रणाली विकास गरिनेछ। नागरिक एप मार्फत कृषि, यातायात, पर्यटन र उड्डयन क्षेत्रमा पूर्वचेतावनी सेवा विस्तार गरिनेछ। विपद् पश्चात् क्षतिपूर्ति, राहत र पुनर्निर्माण प्रक्रियामा बिमा लगायत जोखिम हस्तान्तरणका उपकरणको प्रयोग विस्तार गरिनेछ।

७८. कारागार प्रणालीलाई सुधार गृहका रूपमा रूपान्तरण गरी पुनःस्थापना केन्द्रित दृष्टिकोण अवलम्बन गरिनेछ। कसुरजन्य सम्पत्ति जफत, व्यवस्थापन र असुली प्रक्रियालाई प्रभावकारी बनाइनेछ।

७९. इ-के.वाई.सी. (भ्-प्थ्क्रृ) प्रणाली लागु गरी बैंकिङ, दूरसञ्चार र सार्वजनिक सेवामा डिजिटल प्रमाणीकरण गरिनेछ। केन्द्रीय अनलाइन भेटिङ प्रणाली मार्फत भ्रष्टाचार जोखिम न्यूनीकरण, सेवा स्वचालन र नागरिक विश्वास अभिवृद्धि गरिनेछ। नागरिक उजुरी व्यवस्थापन प्रणाली मार्फत वास्तविक समयमा गुनासो सम्बोधन गरिनेछ।

८०. नेपाल प्रहरीको भौतिक पूर्वाधार, उपकरण र अनुसन्धान क्षमतामा सुधार गर्दै फरेन्सिक तथा सूचना विश्लेषण प्रणाली सुदृढ गरिनेछ। राष्ट्रिय अनुसन्धान प्रणालीलाई प्रविधिमैत्री बनाइनेछ। लागु औषधि नियन्त्रण, अन्तर देशीय अपराध तथा जटिल अपराध न्यूनीकरणका लागि आधुनिक प्रविधिको प्रयोग विस्तार गरिनेछ। साइबर सुरक्षा, वित्तीय अपराध र डिजिटल ठगी नियन्त्रणका लागि विशेष अनुसन्धान एकाइ स्थापना गरिनेछ।

८१. सशस्त्र प्रहरी बल, नेपाललाई प्रशिक्षित जनशक्ति र पूर्वाधारसहित विशिष्टीकृत सुरक्षा बलका रूपमा सुदृढ गरिनेछ। सीमा नाकाहरूमा अनुहार पहिचान प्रणाली, एकीकृत सीमा व्यवस्थापन सूचना प्रणाली र स्वचालित निगरानी पूर्वाधार स्थापना गरिनेछ। ड्रोन तथा नाइट भिजन क्यामेरा प्रयोग गरी अवैध गतिविधि नियन्त्रण गरिनेछ। सीमा क्षेत्र विकास कार्यक्रममार्फत नागरिक-सुरक्षा सम्बन्ध सुदृढ बनाइनेछ। सीमा विवादको समाधान कूटनीतिक संवादबाट खोजिनेछ।

८२. बृहत् राष्ट्रिय हितको संरक्षणका लागि सुरक्षा सम्बन्धी नीति तथा कानुनको समसामयिक परिमार्जन गरिनेछ। नेपाली सेना लगायत सुरक्षा निकायहरूको बन्दोबस्ती तथा आवश्यक सामग्री स्वदेशमै उत्पादन गर्ने व्यवस्था गरी सुरक्षा क्षेत्रमा बाह्य निर्भरता कम गरिनेछ। सुरक्षा जनशक्तिको तालिम र रणनीतिक दक्षता विकासमार्फत व्यावसायिकता अभिवृद्धि गरिनेछ। राष्ट्रिय सेवा दललाई सुदृढ गरिनेछ।

८३. ठुला विकास आयोजनाहरूको विस्तृत परियोजना अध्ययन गर्दा राष्ट्रिय सुरक्षामा पर्न सक्ने प्रभावको समेत मूल्याङ्कनलाई अनिवार्य गरिनेछ। ऐतिहासिक गढी, किल्ला तथा पदमार्गको संरक्षण र प्रवर्धनमार्फत राष्ट्रिय पहिचान सुदृढ गर्दै पर्यटन विकासलाई टेवा दिइनेछ।

८४. सबै नागरिकका लागि समान पहुँच सुनिश्चित गर्दै क्षतिपूर्तिसहितको न्याय प्रणाली विकास गरिनेछ। विपन्न तथा असहाय नागरिकका लागि निःशुल्क कानुनी सहायता विस्तार गरिनेछ। सशस्त्र द्वन्द्वसँग सम्बन्धित सङ्क्रमणकालीन न्यायका प्रक्रियालाई यथाशीघ्र निष्कर्षमा पुर्याइनेछ।

८५. कार्यपालिका र व्यवस्थापिका बिचको समन्वय तथा अन्तरसम्बन्ध सुदृढ गर्दै कानुन तर्जुमा, संशोधन र कार्यान्वयन प्रक्रियालाई छिटो, गुणस्तरीय र परिणाममुखी बनाइनेछ। अभियोजन प्रणालीलाई तथ्य, प्रविधि र वैज्ञानिक अनुसन्धानमा आधारित बनाइनेछ। अपराध पीडितलाई तत्काल राहत, क्षतिपूर्ति र सहयोग उपलब्ध गराइनेछ।

माननीय सदस्यहरू,

८६. नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय हितलाई केन्द्रमा राख्दै संयुक्त राष्ट्र सङ्घको बडापत्र, असंलग्नता र पञ्चशीलका सिद्धान्तमा आधारित सन्तुलित कूटनीति अवलम्बन गरिनेछ। छिमेकी तथा मित्र राष्ट्रहरूसँग पारस्परिक लाभ, सम्मान र बहुपक्षीय सहकार्यमा आधारित सम्बन्ध विस्तार गरिनेछ।

८७. नेपालको मौलिक पहिचान, भाषा, कला र सम्पदालाई विश्वमञ्चमा स्थापित गर्दै सौम्य शक्ति विस्तार गरिनेछ। विदेशस्थित नियोगमार्फत नेपाली वस्तु, सेवा, संस्कृति र पर्यटनको विश्वव्यापी प्रवर्धन गर्दै "ब्रान्ड नेपाल अभियान" सञ्चालन गरिनेछ।

८८. परम्परागत कूटनीतिलाई आर्थिक कूटनीतिमा रूपान्तरण गर्दै नेपाललाई सूचना प्रविधि र नवप्रवर्तन एवम् शिक्षा र स्वास्थ्य सेवा क्षेत्रका लागि अन्तर्राष्ट्रिय गन्तव्य बनाउन पर्यटन पूर्वाधार, ऊर्जा, सूचना प्रविधि जस्ता क्षेत्रमा विदेशी लगानी प्रवर्धन गरिनेछ। वैदेशिक सहायता, लगानी र विकास सहकार्यलाई नेपालको सार्वभौमसत्ता र दीर्घकालीन राष्ट्रिय हित अनुकूल परिचालन गरिनेछ।

८९. विदेशस्थित नेपाली नियोगहरूबाट प्रदान गरिने राहदानी तथा कन्सुलर सेवालाई डिजिटलाइज गरिनेछ। विदेशमा रहेका नेपालीको सुरक्षा र अधिकार संरक्षण गर्न परराष्ट्र मन्त्रालयमा सातैदिन चौबिसै घण्टा "सेन्ट्रल रेस्पोन्स युनिट" र नियोगहरूमा द्रुत उद्धार टोली स्थापना गरी सञ्चालन गरिनेछ।

९०. प्रवासमा रहेका नेपालीको पुँजी, सिप, अनुभव र प्रविधिलाई राष्ट्रिय विकाससँग जोड्न "डायस्पोरा विज्ञ सञ्जाल" तथा "ज्ञान बैंक" स्थापना गरिनेछ। गैर आवासीय नेपालीको लगानी आकर्षित गर्न कानुनी सुरक्षा, सहज वित्तीय व्यवस्था र प्रतिफल फिर्ता प्रणाली सुनिश्चित गरिनेछ। गैर आवासीय नेपालीको सहभागिता सुदृढ गर्न नागरिकता, लगानी, वित्तीय पहुँच र लोकतान्त्रिक अधिकारसम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था सुदृढ गरिनेछ।

माननीय सदस्यहरू,

९१. निजामती तथा अन्य सरकारी सेवालाई तटस्थ, निष्पक्ष, उत्तरदायी एवम् व्यावसायिक संस्थाको रूपमा विकास गरी सेवा प्रवाह र सुशासन प्रवर्धनलाई नतिजामुखी बनाउने उद्देश्यले ट्रेड युनियनको खारेजी, स्वार्थको द्वन्द्व नियन्त्रण सम्बन्धी व्यवस्था, सूचकमा आधारित कार्यसम्पादन मूल्याङ्कन प्रणाली, कुलिङ अफ अवधिको व्यवस्था र राजनीतिक दल वा गतिविधिमा संलग्न भएमा भविष्यमा समेत सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी बर्खास्त गर्ने व्यवस्था गरिनेछ।

९२. निजामती सेवामा योग्यतामा आधारित नियुक्तिको व्यवस्था, विभागीय तथा आयोजना प्रमुखको त्रैमासिक मूल्याङ्कन, नैतिक परीक्षण संयन्त्र, निजामती सेवा बोर्ड, कमजोर कार्यसम्पादन स्तर भएको कर्मचारीलाई नकारात्मक सूचीमा राखिने व्यवस्था, कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली मार्फत नतिजामुखी र नागरिकमैत्री संस्थाको रूपमा विकास गरिनेछ।

९३. "एक पटकको विवरण सबै सेवामा प्रयोग" को सिद्धान्तमा आधारित अन्तरसञ्चालन सक्षम सरकारी डाटाबेस विकास गरिनेछ। सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहलाई छरितो, पारदर्शी र नागरिकमैत्री बनाउन अन्तर आबद्ध प्रणालीमा आधारित एकीकृत डिजिटल प्लेटफर्म मार्फत इ-गभर्नेन्स प्रणाली सुदृढ गरिनेछ। न्यूनतम एकसय सरकारी सेवाहरूलाई एकीकृत "नागरिक एप" मार्फत उपलब्ध गराइनेछ।

९४. प्रत्येक सेवाको कानुनी समयसीमा तोकी उल्लङ्घन गर्ने अधिकारी स्वतः जबाफदेही हुने व्यवस्था गरिनेछ। राष्ट्रिय परिचय पत्रलाई अधिकतम सार्वजनिक सेवासँग अन्तर आबद्ध गर्दै "एक परिचयपत्र नीति" लागु गरी नागरिकता, बैंकिङ, स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा लगायतका सेवालाई एकीकृत गरिनेछ। "एकल सेवा केन्द्र" लाई सबै कार्यालयमा विस्तार गर्ने तथा अत्यावश्यक सेवा सातैदिन सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। डिजिटल हस्ताक्षर, अनलाइन सेवा र समयबद्ध निर्णय प्रणालीमार्फत नागरिकलाई लाइन, झन्झट र अनुपयुक्त मध्यस्थताबाट मुक्त गरिनेछ।

९५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई संस्थागत रूपमा सुदृढ गर्दै अनुसन्धान, अभियोजन र कारबाही प्रणाली प्रभावकारी बनाइनेछ। राष्ट्रिय सतर्कता केन्द्रलाई "भ्रष्टाचार निवारण एकाइ" का रूपमा पुनर्संरचना गरिनेछ। भ्रष्टाचार उजुरीकर्ताको पहिचान संरक्षण र पुरस्कारसम्बन्धी व्यवस्था गरिनेछ। उच्च पदस्थ पदाधिकारीको सम्पत्ति विवरण वार्षिक रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

९६. सार्वजनिक खरिद, राजस्व र प्रशासनिक प्रक्रियालाई पारदर्शी, प्रविधिमैत्री र प्रतिस्पर्धात्मक बनाइनेछ। नागरिक विश्वास तथा सुशासन धारणा सूचकाङ्क, डिजिटल अडिट प्रणालीमार्फत उच्च जोखिम क्षेत्र पहिचान गरी भ्रष्टाचार रोकथाममूलक कारबाही सुदृढ गरिनेछ।

९७. नीति तथा योजना निर्माणलाई तथ्य र प्रमाणमा आधारित बनाउन राष्ट्रिय योजना आयोग तथा नीति अनुसन्धान प्रतिष्ठानको पुनर्संरचना गरी अनुसन्धान र अनुगमनमा केन्द्रित सक्षम र विश्वसनीय सार्वजनिक "थिङ्क-ट्याङ्क" तथा "राष्ट्रिय नीति शोधशाला" को रूपमा विकास गरिनेछ। राष्ट्रिय तथ्याङ्क प्रणालीको सामयिक पुनर्संरचना गरी सुदृढ बनाइनेछ।

९८. मानव अधिकारको संरक्षण र प्रवर्धनलाई सुदृढ गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गरिनेछ। मानव अधिकार उल्लङ्घनमा शून्य सहनशीलता अपनाइनेछ। राष्ट्रिय मानव अधिकार आयोगको क्षमता अभिवृद्धि गरिनेछ।

९९. उत्तरदायी सुशासन मार्फत सामाजिक न्याय, समतामूलक अवसर र तीव्र आर्थिक विकास सुनिश्चित गर्न सत्तारूढ दलको वाचा पत्र एवम् प्रमुख राजनीतिक दलका साझा प्रतिबद्धतालाई आधार मान्दै राष्ट्रिय स्रोत, साधन र सामर्थ्यको न्यायोचित परिचालन गरिनेछ।

१००. आम नेपाली जनताको विश्वास र सार्वभौम सहभागिताबाट स्थापित राजनीतिक स्थिरतालाई दुर्लभ अवसरको रूपमा ग्रहण गर्दै राष्ट्रको समग्र रूपान्तरणलाई गति दिइनेछ। उत्तरदायी शासन प्रणालीमार्फत राज्यप्रति नागरिकको विश्वास अभिवृद्धि गर्दै समुन्नति-केन्द्रित सुशासनलाई राष्ट्रिय संस्कृतिका रूपमा संस्थागत गरिनेछ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरण सरकारको मार्गदर्शन हुनेछ।

प्रतिनिधि सभाका सम्माननीय सभामुख,

राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष,

माननीय सदस्यहरू,

अन्त्यमा, लोकतन्त्रका संवाहक सम्पूर्ण राजनीतिक दल तथा अग्रज योद्धा, राष्ट्रसेवक कर्मचारी, नेपाली सेना लगायत सबै सुरक्षा निकायहरू, किसान, मजदुर, उद्योगी, व्यवसायी, नागरिक समाज, सञ्चारकर्मी लगायत नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा नेपालको सर्वाङ्गीण विकासमा योगदानका लागि हार्दिक आह्वान गर्दछु। नेपालको उन्नतिको लक्ष्य हासिल गर्न उदारतापूर्वक निरन्तर सहयोग पुर्याउँदै आउनुभएका छिमेकी देश लगायत मित्रराष्ट्र, विकास साझेदार तथा गैर आवासीय नेपालीलाई हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा सबैको निरन्तर सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु। धन्यवाद।

# 'मानवअधिकारमैत्री व्यवहारको माग'

दैनिक समाचारदाता
जनकपुरधाम, २८ वैशाख । मधेस प्रदेशस्तरीय मानवअधिकार रक्षक सञ्जालको बैठक जनकपुरधाममा सम्पन्न भएको छ । बैठकले सरकारद्वारा अतिक्रमित जग्गा तथा त्यसमाथि निर्माण गरिएका भौतिक संरचना खाली गराउने क्रममा भइरहेका गतिविधिलाई अमानवीय ठहर गर्दै मानवअधिकारमैत्री व्यवहार अपनाउन सरकारसँग माग गरेको छ ।

सञ्जालका अध्यक्ष राजकुमार महासेठको अध्यक्षतामा सम्पन्न बैठकले नागरिकको सुरक्षा, व्यवस्थापन तथा पुनःस्थापनाको जिम्मेवारी सरकारकै भएको उल्लेख गर्दै बलपूर्वक हटाउने कार्य मानवोचित दृष्टिकोणअनुसार उपयुक्त नभएको निष्कर्ष निकालेको हो ।



बैठकमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेश संयोजक राजु पासवानले मानवअधिकार रक्षकहरू समुदायसँग अझ प्रभावकारी रूपमा जोडिनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले पछिल्लो समय मधेस प्रदेशमा हिंसा, विभेद तथा मानवअधिकार उल्लङ्घनका घटना बढ्दै गएको भन्दै त्यसको नियन्त्रणका लागि सञ्जालबीच समन्वय र सक्रियता अपरिहार्य रहेको बताउनुभयो ।

उहाँले मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा सञ्जालले निरन्तर खबरदारी, अनुगमन र पैरवी गर्दै आएको उल्लेख गर्दै पीडितलाई न्याय दिलाउन सबै पक्ष एकजुट हुनुपर्ने धारणा राख्नुभयो ।

बैठकले सञ्जालका सदस्य तथा इन्सेक सर्लाही प्रतिनिधि बुधन शाहमाथि वैशाख २३ गते प्रादेशिक अस्पताल मलङ्गवामा कार्यरत चिकित्सकहरूबाट भएको दुर्व्यवहारको घटनाको शीघ्र अनुगमन गर्ने निर्णय गरेको छ । त्यसैगरी, मधेस प्रदेशमा तथ्याङ्कीय रूपमा हिंसाका घटना बढ्दै गएको निष्कर्ष निकाल्दै प्रदेशका आठवटै जिल्लामा अनुगमनलाई प्रभावकारी बनाउने, कानुनी प्रक्रिया तथा पैरवीलाई सशक्त बनाउने निर्णय गरिएको छ ।

बैठकमा सहभागी मानवअधिकारकर्मीहरूले हिंसाका घटनाको न्यूनीकरणका लागि सरोकारवाला निकायसँग समन्वय गर्दै सक्रिय अनुगमन आवश्यक रहेकोमा जोड दिएका थिए । आवश्यक परे कानुनी प्रक्रियामार्फत मुद्दासमेत दायर गर्ने सहमति बैठकले गरेको छ ।

# संसद्मा पेस भए अध्यादेशहरू




दैनिक समाचारदाता
काठमाडौं, २८ वैशाख । सरकारले ल्याएका विभिन्न अध्यादेशहरू संसद्मा पेस भएका छन् ।

सोमबार बसेको प्रतिनिधिसभाको बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट कानुन न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमलेले केही अध्यादेश पेस गरिन् ।

जस अन्तर्गत सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, र संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश रहेका छन् ।

मन्त्री गौतमले केही नेपाललाई संशोधन गर्न बनेको अध्यादेश पनि पेस गरिन् ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश पेस गरे । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रतिभा रावलले सहकारी (पहिलो संशोधन) अध्यादेश र स्वास्थ्य तथा जनसंख्या मन्त्री निशा मेहताले स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश पेस गरिन् ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेलले विश्वविद्यालय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश पेस गरे ।

संविधानको धारा ११४ अनुसार सरकारले संसद अधिवेशन नरहेका बेला अध्यादेश ल्याउन सक्दछ ।

त्यसरी ल्याएको अध्यादेश संसद्को अधिवेशन आह्वान भएपछिको पहिलो बैठकमा सम्बन्धित मन्त्रीले पेस गर्नुपर्छ । त्यसपछि सांसदहरूले चाहेको खण्डमा अध्यादेश अस्वीकार गरियोस् भन्ने सूचना दिन सक्दछन् ।

यस्तो व्यवस्था प्रतिनिधिसभा नियमावलीको नियम ९५ र राष्ट्रिय सभा नियमावलीको नियम ८९ मा छ ।

'अध्यादेश अस्वीकार गरियोस्भन्ने प्रस्ताव पेस गर्न चाहने सदस्यले त्यस्तो सूचना अध्यादेश पेश भएको दुई दिनभित्र महासचिव वा निजको अनुपस्थितिमा सचिवलाई दिनुपर्नेछ' प्रतिनिधिसभा नियमावलीको नियम ९५ को उपनियम १ मा भनिएको छ ।

यस्तो सूचना दिँदा अध्यादेश अस्वीकृत गर्नु पर्नाको कारण समेत उल्लेख हुनु पर्दछ । अध्यादेश दुवै सदनबाट स्वीकृत भएमा दुवै सदनको बैठक बसेको ६० दिन भित्र अध्यादेश प्रतिस्थापन विधेयक ल्याएर दुवै सदनबाट पारित गरेर राष्ट्रपतिबाट समेत प्रमाणीकरण भएर ऐनमा रुपान्तरित भइसक्नुपर्छ । अन्यथा, अध्यादेश स्वतः निष्क्रिय हुन्छ ।

# शोधनान्तर स्थिति ७ खर्ब ३१ अर्ब बचतमा

दैनिक समाचारदाता
काठमाडौं, २८ वैशाख । चालु आर्थिक वर्षको चैत मसान्तसम्म मुलुकको शोधनान्तर स्थिति (ब्यालेन्स अफ पेमेन्ट) ७ खर्ब ३१ अर्ब रुपैयाँले बचतमा पुगेको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको नौ महिनाको वित्तीय प्रतिवेदनअनुसार अघिल्लो वर्षको सोही अवधिमा ३ खर्ब ४६ अर्ब रुपैयाँ बचतमा रहेको शोधनान्तर स्थिति यस वर्ष उल्लेखनीय रूपमा वृद्धि भएको हो ।

शोधनान्तर स्थिति बचतमा रहनुको अर्थ मुलुकबाट बाहिरिने रकमभन्दा भित्रिने रकम बढी हुनु हो । अमेरिकी डलरमा अघिल्लो वर्ष २ अर्ब ५५ करोड डलर बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा बढेर ५ अर्ब १० करोड डलर पुगेको राष्ट्र बैंकले जनाएको छ ।


त्यस्तै, चालु खाता पनि उल्लेखनीय रूपमा सुधारिएको छ । समीक्षा अवधिमा चालु खाता ६ खर्ब १८ अर्ब ६८ करोड रुपैयाँ बचतमा रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चालु खाता २ खर्ब २२ अर्ब ६७ करोड रुपैयाँ बचतमा थियो ।

यसैबीच, चालु आर्थिक वर्षको नौ महिनामा प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) १४ अर्ब ५५ करोड रुपैयाँ भित्रिएको छ । अघिल्लो वर्षको यही अवधिमा यस्तो लगानी ८ अर्ब ९४ करोड रुपैयाँ रहेको थियो ।

राष्ट्र बैंकका अनुसार वैदेशिक मुद्रा आम्दानीमा भएको वृद्धि, रेमिट्यान्स आप्रवाह तथा बाह्य क्षेत्रको सुधारका कारण शोधनान्तर स्थिति र चालु खातामा उल्लेखनीय बचत देखिएको हो ।

# अमेरिकी नागरिकमा पनि हान्टा भाइरस संक्रमण पुष्टि

एजेन्सी
पेरिस २८ वैशाख । एमभी होन्डियसमा भएको घातक हान्टा भाइरस प्रकोपपछि स्वदेश फर्काइएका यात्रुमध्ये एक अमेरिकी नागरिकमा यसको संक्रमण पुष्टि भएको छ ।



अमेरिकी स्वास्थ्य अधिकारीहरूले जहाजबाट फर्काइएका एक अमेरिकी नागरिकमा हान्टाभाइरस पोजिटिभ देखिएको बताएका छन् । साथै, अर्का अमेरिकी यात्रुमा हल्का लक्षण देखिएको र दुवैलाई सावधानीस्वरूप 'बायोकन्टेनमेन्ट युनिट' मा राखेर फर्काइएको जनाइएको छ ।

जहाजबाट आएकी एक फ्रान्सेली महिलामा पनि संक्रमण पुष्टि भएको थियो । फ्रान्सका स्वास्थ्य मन्त्री स्टेफनी रिस्टले पेरिसमा उपचाररत ती महिला आइसोलेसनमा रहेको र उनको अवस्था बिग्रँदै गएको बताएका छन् । महिलाको सम्पर्कमा आएका २२ जना व्यक्तिहरू पहिचान गरिएको छ । यो जहाजबाट हालसम्म ९० भन्दा बढी यात्रु विभिन्न देशमा फर्काइएका छन् । हालसम्म तीन यात्रुको मृत्यु भइसकेको छ, जसमा एक डच दम्पती र एक जर्मन महिला समावेश छन् । तीमध्ये दुई जनामा हान्टाभाइरस पुष्टि भइसकेको छ । अमेरिकी स्वास्थ्य मन्त्रालयका अनुसार सबै १७ अमेरिकी नागरिकलाई नेब्रास्कास्थित स्वास्थ्य केन्द्रमा विस्तृत परीक्षण गरिनेछ । यसअघि स्वदेश फर्किएका सात जना अमेरिकी नागरिक पनि निगरानीमा छन् ।

अमेरिकाका साथै एक बेलायती नागरिक पनि अमेरिकी यात्रुसँगै उद्धार उडानमा फर्किएका थिए । अमेरिकाले डब्ल्यूएचओका आइसोलेसन सम्बन्धी दिशानिर्देश पूर्ण रूपमा पालना नगरेको भन्दै त्यसले जोखिम बढाउन सक्ने चेतावनी विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)का प्रमुख टेड्रोस अधानोम घेब्रेयससले दिएका छन् । जहाज छाड्ने यात्रुहरूका लागि यसले ४२ दिनको आइसोलेसन सिफारिस गरेको छ ।

हान्टाभाइरस सामान्यतया मुसाबाट सर्ने भाइरस हो । यसको एन्डिज स्ट्रेन मानिसबाट मानिसमा सर्न सक्ने सम्भावना पनि देखिएको छ । यस रोगका लक्षणमा ज्वरो, अत्यधिक थकान, मांसपेशी दुखाइ, पेट दुखाइ, बान्ता, पखाला र सास फेर्न गाह्रो हुने समस्या देखिन सक्छ । व्यापक प्रकोपको जोखिम अहिले धेरै कम रहेको स्वास्थ्य अधिकारीहरूले बताएका छन् ।

# विद्युत प्राधिकरणका प्रमुखविरुद्ध मुद्दा दायर

दैनिक समाचारदाता
काठमाडौं, २८ वैशाख । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल विद्युत् प्राधिकरण, कञ्चनपुर वितरण केन्द्र सप्तरीका प्रमुख महेन्द्रकुमार दासविरुद्ध विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।

चार्जिङ स्टेसनको ट्रान्सफर्मर राखी विद्युत् लाइन जडान गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस लिएको पुष्टि भएपछि आयोगले आज मुद्दा दायर गरेको हो ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार वितरण केन्द्रका प्रमुख दासले चार्जिङ स्टेसन सञ्चालनका लागि विद्युत् लाइन छाडिदिन बार्गेनिङ गरिरहेको र घुस नदिए लाइन काटिदिने धम्की दिएको उजुरी परेको थियो ।

सोही सूचनाका आधारमा अख्तियारको इटहरी कार्यालयबाट खटिएको टोलीले उहाँलाई सेवाग्राहीबाट एक लाख ४० हजार रुपियाँ घुस लिइसकेको अवस्थामा रकमसहित नियन्त्रणमा लिएको थियो । अनुसन्धानका क्रममा दासले नियमानुसार सम्पन्न भइसकेको कार्यका लागि घुस मागेको र रकम लिएको तथ्य स्थापित भएको अख्तियारले जनाएको छ । उहाँलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा एक लाख ४० हजार रुपियाँ बिगो कायम गरिएको छ । अख्तियारले बिगोबमोजिम जरिवाना र कैद सजायको मागदाबीसहित विशेष अदालतमा आरोपपत्र दायर गरेको हो ।

# 'संसारभरकै पुराना पार्टी संकटमा छन्'

दैनिक समाचारदाता
काठमाडौं, २८ वैशाख । नेपाली कांग्रेसका नेता गगनकुमार थापाले पुराना पार्टी संसारभर नै संकटमा रहेको बताएका छन् । नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आयोजनामा सुर्खेतको वीरेन्द्रनगरमा आयोजित भेलामा बोल्दै उनले पुराना पार्टी आफ्नै कारणले मात्रै खराब भने नभएको तर्क गरे ।


उनले सोसल मिडियाका कारण राजनीतिक भाषा परिवर्तन गरिएको समेत बताएका छन् । तथ्य र तथ्यांक तोडमोड गरिएका कतिपय भाषाले जनतामा भ्रम पैदा गरेको समेत बताए । स-साना भिडियोमार्फत भाष्य परिवर्तन गरिए पनि भर्खरै अर्थमन्त्रीले जारी गरेको श्वेतपत्रले ती सबै गलत कुराहरू चिरेको जिकिर गरेका छन् ।

साथै, सभापति थापाले पुराना दलहरूले कतिपय परम्परागत अभ्यासहरू फेर्नुपर्ने औंल्याएका छन् ।

उनले नेताहरूलाई स्वागत गर्दा माला-खदादेखि कार्यक्रमको ढाँचासमेत बदल्न १ जेठदेखि नै सर्कुलर गरिएको जानकारी दिएका छन् । उनले कुनै पनि कार्यक्रममा ३ देखि ५ मिनेटभित्र आसनग्रहण सक्न आग्रह गरेका छन् ।

'हामी परम्परागत पोलिटिक ढाँचामा कम्युनिकेसन गर्छौं । तर, पोलिटिकल ल्याङ्वेज परिवर्तन भइसक्यो,' थापाले भने, 'अब आफैं परिवर्तन भएर जानुको विकल्प छैन । हामीले जनतालाई आफ्ना कुरा बुझाउने पद्धतिको विकास गर्नुपर्नेछ ।'


अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४